लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ

## प्रस्ताव आहवानको सूचना

## सूचना नं. ०८१/०८२-२

**दोस्रो पटक प्रकाशित मिति:२०८१/०८/१६**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङको चालु आ.ब. ०८१/०८२को तपसिल बमोजिमका स्वीकृत बार्षिक कार्यक्रमहरु **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधी २०८१"** बमोजिम लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषक/समूह/समिति/सहकारी/निजी फर्म/कम्पनी/उद्यमीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (२०८१/०८/२२ गते) भित्र तोकिएको ढाँचामा तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | लक्ष्य | स्वीकृत बजेट रु.लाख मा | संचालन गरिने क्रियाकलापहरु | न्यूनतम मापडण्ड | संचालन हुने स्थान | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|---|
| १ | माछा पोखरीको लागि बोरिङ्ग जडानमा सहयोग | ५ वटा | ५ | • बोरिङ जडान तथा आवश्यकता अनुसार र एसेसरिजको रुपमा मोटर, पम्पसेट, सोलार, सक्शन /डेलिलभरी पाइप खरीद जडान | • कृषक/फर्म/कम्पनी/कृषक समूह/ सहकारी सहभागी हुन सक्ने,<br>• तराईको हकमा कम्तिमा १५ कठ्ठा जलाशय क्षेत्रफल भएको हुनुपर्ने<br>• जग्गाको स्वामित्व आफ्नै वा जग्गा भाडामा लिएको भए ५ बर्षको करार संझौता हुनुपर्ने | दाङ जिल्ला भरी | • पूर्वाधार निर्माणमा ७५ प्रतिशत र सामग्री खरीद तथा जडान खर्च तथा अन्य उपकरणमा ५० प्रतिशत वा बढीमा रु.१ लाख सम्म अनुदान दिन सकिने। |
| २ | मत्स्य बजारीकरण को लागि होल्डिङ्ग तथा कन्डिसनिङ्ग ट्यौंक निर्माण | ५ | ५ | • खाने माछा तथा मत्स्य विज विक्री वितरण गर्नका लागि होल्डिङ ट्यौंक वा कन्डिसनिङ ट्यौंक निर्माण गर्ने,<br>• होल्डिङ ट्यौंक कम्तीमा ३ मी लम्बाइ १.५ मी चौडाइ र १ मी गहिराइ भएको निर्माण गर्ने<br>• कन्डिसनिङ ट्यौंकको हकमा कम्तीमा २.५ मी लम्बाइ,१मी.चौडाई<br>• ०.८ मी गहिराइ निर्माण गर्ने,<br>• ओभरहेड ट्यौंक, ट्रस, डिजिटल तराजु, प्लाष्टिक ड्रम, अक्सिजन प्रवाह गर्ने सामग्री, हापा, इस्कुप नेट, पानी तान्ने मोटर | • तराइमा न्यूनतम १५ कठ्ठा जलाशय क्षेत्रफलमा खाने माछा वा मत्स्य विजको कारोबार गरेको हुनुपर्ने ।<br>• व्यावसायिक रुपमा फर्म दर्ता भएको हुनुपर्ने । | दाङ जिल्ला भरी | बिनियोजित बजेटको परिधिभित्र रही कार्यालयले ७५ प्रतिशतले वा अधिकतम रु.१ लाख सम्म अनुदान दिन सकिने । |

नि. कार्यालय प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आदी खरीद गर्न सकिने । | | | |
| ३ | पोषण सुधारका लागि ग्रामिण कुखुरा पालन कार्यक्रम | २ | १० | • खोर सुधार वा निर्माण<br>• चल्ला वितरण, पोषण आहारा व्यवस्थापन<br>• खोप, उपचार र तालिम,दाना पानीको भाँडा खरीद | दलित महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाती वा अन्य समुदायलाई प्राथमिता हुने गरी २५ जनाको समूह | दाङ्ग जिल्ला भरी | पूर्वाधार निर्माणमा ७५% र अन्य उत्पादनमुलक क्रियाकलापमा शत प्रतिशत अनुदान वा प्रतियोजना अधिकतम रु. ५ लाख (अनुसूची ३१ बमोजिम हुनेगरी) |
| ४ | बाख्रा प्रबर्द्धन कार्यक्रम (तुलसीपुर उ.म.नं.पा., शान्तिनगर गा.पा. र दंगिशरण गा.पा. ) | ३ | ५० | खोर सुधार / निर्माण, Dipping Tank खरिद/निर्माण मेसिनरी औजार, उन्नत घाँस खेती, नश्लसुधार औषधी/उपचार तथा खोप र जैविक सुरक्षा | • प्रति फर्म कम्तीमा ५ माउ बाख्रा पालेको हुनु पर्ने।<br>• समूह/सहकारीको हकमा कम्तीमा ५० माउ बाख्रा पालेको हुनु पर्ने।<br>• पशुहरुको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/समूह/सहकारी संस्थालाई प्राथमिकता दिइने छ। | तुलसीपुर उ.म.नपा शान्तिनगर गा.पा. र दंगिशरण गा.पा. भरी | • पूर्वाधार र नश्लसुधारमा ७५% र अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत<br>• फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु. १ लाख र समूह/सहकारी अधिकतम रु. ५ लाखसम्म । |
| ५ | बंगुर प्रबर्द्धन कार्यक्रम (तुलसीपुर उ.म.नं.पा.) | २ | २० | • खोर सुधार/ निर्माण<br>• मेसिनरी औजार, आहारा व्यवस्थापन, नश्लसुधार औषधी/उपचार तथा खोप र जैविक सुरक्षा | • प्रति फर्म कम्तीमा ३ वटा माउ सहित ५ वटा बंगुर पालेको हुनु पर्ने ।<br>• समूह/सहकारीको हकमा कम्तीमा २० माउ बंगुर पालेको हुनु पर्ने।<br>• पशुहरुको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/समूह/सहकारी संस्थालाई प्राथमिकता दिइने छ । | तुलसीपुर उपमहा नगरपालिका भरी | • पूर्वाधार र नश्लसुधारमा ७५% र अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत<br>• फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु. १ लाख र समूह/सहकारी अधिकतम रु. ३ लाखसम्म । |
| ६ | राजपुर गा.पा. वडा नं. ४,५,६,७ मा भैसीको गोठ सुधार | १ | १५ | • गोठको भुइ सुधार, दानापनी खुवाउने डुड निर्माण, छानो र मुत्र संकलन खाडल निर्माण । | • कृषक/निजी उद्यमी/समूह/सहकारी मार्फत पशुको गोठ सुधार गर्ने।<br>• प्रत्यक कृषकले न्यूनतम तराइमा ५ वटा भैसी पालन गरेको वा पालन गर्ने कार्ययोजना पेश गरेको हुनुपर्ने । | राजपुर गा.पा. वडा नं. ४,५,६,७ भरी | • अधिकतम ५०% अनुदान, प्रति कृषक घरधुरी अधिकतम रु.१ लाख, प्रति समूह/सहकारी अधिकतम रु. १० लाख । |

**आवेदनका लागि आवश्यक कागजातहरु:**

१. प्रस्तावको निवेदन (अनुसूची-३३) बमोजिम ।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी (समूह/निजी फर्म/कम्पनी/सहकारी ) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने )।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची-३६) बमोजिम ।
६. सम्बन्धित स्थानीय तह वा पशु सेवा शाखाको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था वा समूह वा कम्पनीको हकमा)।
८. प्रस्ताव पेश गर्नेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
९. दोहोरो अनुदान नलिएको स्व:घोषणा पत्र (अनुसूची-३९) बमोजिम ।
१०. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको १० बर्षको करार सम्झौता पत्र ।
११. रु. १० को टिकट टाँस गरी खामबन्दी प्रस्ताव पेश गर्नु पर्ने ।

**यस सूचनामा आवश्यक बुँदाहरु छुट हुन गएमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधी २०८१ बमोजिम गरिने बेहोरा अनुरोध छ । उक्त कार्यविधि यसै कार्यालयको वेवसाइट dang.vethos.gov.np बाट डाउनलोड गर्न सकिने छ । थप जानकारीको लागि कार्यालयको फोन नं.०८२-५६००२१ वा कार्यालयको सूचना अधिकारी श्री कृष्ण न्यौपाने (९८५७८२६६८५) लाइ सम्पर्क गर्नु हुन अनुरोध छ ।प्रस्ताव पेश गर्ने अन्तिम दिनमा सार्वजनकि विदा पर्न गएमा भोलि पल्ट कार्यालय समयमा प्रस्ताव बुझाउन सकिने छ ।**

डा. प्रतिमा बिष्
नि.कार्यालय प्रमुख